बैठक संख्या :- १३६
मिति : - २०८०।०३।०५ मंगलबार
समय :- बिहान ८ : २८ बजे

कमलामाई नगर कार्यपालिका प्रमुख श्री उपेन्द्र कुमार पोखरेल ज्यु को अध्यक्षतामा निम्नानुसारको उपस्थीतिमा कार्यापालिकाको बैठक बस्यो ।

## उपस्थिति

| | |
|---|---|
| श्री उपेन्द्र कुमार पोखरेल | नगर प्रमुख |
| श्री मन्जु देवकोटा | उप-प्रमुख |
| श्री नरेश गोले | वडाअध्यक्ष १ |
| श्री ईन्द्र वाईवा | वडाअध्यक्ष २ |
| श्री खड्ग प्रसाद चौलागाई | वडाअध्यक्ष ३ |
| श्री महेन्द्र प्रसाद ढकाल | वडाअध्यक्ष ४ |
| श्री पुर्ण बहादुर खड्का | वडाअध्यक्ष ५ |
| श्री उज्ज्वल कुमार थापा | वडाअध्यक्ष ६ |
| श्री कर्ण बहादुर घिसिङ्ग | वडाअध्यक्ष ७ |
| श्री कोमल कुमार श्रेष्ठ | वडाअध्यक्ष ८ |
| श्री विनोद प्रधान | वडाअध्यक्ष ९ |
| श्री दिप बहादुर कार्की | वडाअध्यक्ष १० |
| श्री रामबहादुर थिङ | वडाअध्यक्ष ११ |
| श्री भिमबहादुर गुर्मछान | वडाअध्यक्ष १२ |
| श्री केशर बहादुर कार्की | वडाअध्यक्ष १३ |
| श्री राजन न्यौपाने | वडाअध्यक्ष १४ |
| श्री उमा विश्वकर्मा | कार्यपालिका सदस्य |
| श्री जमुना कुमारी श्रेष्ठ | कार्यपालिका सदस्य |
| श्री देवि देवकोटा | कार्यपालिका सदस्य |
| श्री धन कुमारी श्रेष्ठ | कार्यपालिका सदस्य |
| श्री शिव कुमारी रायमाझी | कार्यपालिका सदस्य |
| श्री भद्रीमाया हायु | कार्यपालिका सदस्य |
| श्री मान बहादुर दमाई | कार्यपालिका सदस्य |
| श्री राजन बहादुर भुजेल | कार्यपालिका सदस्य |
| श्री सुर्य प्रसाद दाहाल | सचिव ( प्र.प्र.अ.) |

**आमन्त्रित कर्मचारी :**

- टेकेन्द्र कुमार कार्की, आर्थिक प्रशासन प्रमुख
- सुशिल कुमार वर्मा, आन्तरीक लेखा परीक्षण शाखा प्रमुख
- दिपेस के.सी., प्रशासन शाखा
- अजय प्रधान, क.अ., प्रशासन शाखा

**प्रस्तावहरु :**

प्रस्ताव नं. १ : नदीजन्य पदार्थको अवैध उत्खनन् तथा संकलनमा रोक तथा प्रोत्साहन रकम उपलब्ध गराउने सम्बन्धमा ।

प्रस्ताव नं. २ : नदीजन्य पदार्थको स्टक प्रमाणित सम्वन्धमा ।

प्रस्ताव नं. ३ : विभिन्न विस्तृत आयोजना प्रतिवेदन (डि.पि.आर.) स्वीकृत सम्बन्धमा ।

**निर्णयहरु :**

**निर्णय नं. १ :** कमलामाई नगरपालिका क्षेत्रभित्रका विभिन्न नदीनाला खोलाहरुबाट नगरपालिकाको स्वीकृतिमा कानुन अनुसार नदीजन्य पदार्थहरु उत्खनन्, संकलन र विक्री हुँदै आएकोमा वर्षातको समयमा बाढी, पहिरो तथा भूक्षयको कारण आउने जोखिमलाई मध्यनजर गदै नेपाल सरकारले जारी गरेको नदीजन्य पदार्थ ढुङ्गा, गिट्टी, वालुवा, उत्खनन्, विक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड २०७७' को पहिलो संशोधन मापदण्ड, २०७९ दफा ४ को उपदफा १६ मा भएको व्यवस्था बमोजिम असार १ गते देखि भाद्र मसान्तसम्म नदीजन्य पदार्थ उत्खननलाई रोक लगाइएको छ । यदि कसैले नगरपालिकाको स्वीकृति तथा अनुमति वेगर उत्खनन्, विक्री तथा ओसारपसार गरेको पाईएमा कानून बमोजिम जरिवाना गरी नदीजन्य पदार्थ जफत गरिनेछ । यसरी अवैध नदीजन्य पदार्थहरु जफत गर्न सहयोग पुर्याउँने **नेपाल प्रहरी, शसस्त्र प्रहरी र नगर प्रहरीलाई** जरिवाना रकमको २५ प्रतिशत रकम प्रोत्साहन स्वरुप नगरपालिकाबाट उपलब्ध गराउँने निर्णय गरियो ।

**निर्णय नं. २ :** कमला नदी (रानीवास चन्दनपुर ४ देखि ६ खण्ड) को आ.व. २०७९/०८० को ठेक्का अमर कन्स्ट्रक्सन, तीनपाटन गा.पा. वडा नं. ०२, सिन्धुलीले लिई नदीजन्य पदार्थ उत्खनन् तथा संकलन र विक्री कार्य गरेकोमा ठेक्का परिमाण ८०५६ घन मि. मध्ये विक्री गर्न बाँकी भएको परिमाण हाल खोला , किनारामा राखेको भनी नदीजन्य पदार्थको स्टक प्रमाणित गरीपाउँ भन्ने निवेदन दिए अनुसार उक्त स्टक नदिजन्य पदार्थलाई प्राविधिकद्धारा नापजाँच गर्दा बाँकी देखिन आएको ३९९६ घन मिटर परिमाणलाई स्टक प्रमाणित गरिदिने र स्टक प्रमाणित भएको नदीजन्यपदार्थहरुका चलन पुर्जि लिई असार मसान्तभित्र विक्री वितरण गरिसक्नु पर्ने निर्णय गरियो ।

**निर्णय नं. ३ :** देहाय बमोजिमका आयोजनाहरुको विस्तृत आयोजना प्रतिवेदन DPR तयार गरी परामर्शदाता संस्थाहरुबाट अन्तिम प्रतिवेदन प्राप्त भई सकेको हुँदा उक्त प्रतिवेदनहरु स्वीकृत गर्ने ।

क) तिनदोभाने र सिद्धडाँडा जोड्ने पक्कीपुल हुँदै बाघछेडा, ठुल्डाँडा, धुसेनी-धप्सार-बेसारे सडक ।

ख) माइखोला मन्दिर हुँदै सिउँटार खयरसाला तिनतले डँड खोला निपाने गोठखोला हुँदै सिन्धुली सडक ।

ग) हिरापानी-पोखरेलगाउँ-खहरे-चैनपुर सडक-खट्टार-डुन्डाँडा सडक र कोलपाखा-गहते, सातपत्र देउराली सडक ।

घ) तारुफेदी-आहालडाँडा, टारी-कुँडुले-खोजचोक सडक ।

ङ) कुसुमटार-खट्टार सडक, मधुटार-तल्लोटोल-रानीखोला-कारागार-ऐसेलुजंगार-सानो करकरे सडक, चहार, अर्चले सडक, पल्लो रामपुर, रिडरोड (रामपुर-रातमाटेडाँडा र आहालेफेदी-जरुवाखोला)